# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ३२ | अंक १० | नेपाल राष्ट्र बैंक समाचार | असार २०६५ | जून/जुलाई २००८


## सुपरिवेक्षण अझ चुस्त बनाउन निर्देशन

कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले नेपाली वित्तीय क्षेत्रको स्थायित्वका लागि बढ्दो बैंक तथा वित्तीय संस्थाहरूको नियमन र सुपरिवेक्षण चुस्त र प्रभावकारी बनाउन निर्देशन दिनुभएको छ ।



*का.मु. गभर्नर श्री मानन्धर ।*

संस्थागत योजना विभागले जेठ ३१ गते आयोजना गरेको 'वार्षिक कार्ययोजना तथा बजेट सम्बन्धी गोष्ठी २०६५' को उद्घाटन गर्दै उहाँले देशमा बढ्दै गएका बैंक तथा वित्तीय संस्थाहरूप्रति सर्वसाधारण जनता र सरोकारवालाहरूको विश्वास कायम राख्न नेपाल राष्ट्र बैंकले आफ्नो नियमन र सुपरिवेक्षण क्षमता बढाउँदै लैजानुपर्ने आवश्यकता रहेको बताउनुभयो । प्रभावकारी सुपरिवेक्षणका लागि सबै बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन परिपालना, संस्थागत सुशासन लगायतका आधारमा वर्गीकरण गरी निरीक्षण गर्न सकिने उहाँले बताउनुभयो ।

मौद्रिक नीति सञ्चालन र वित्तीय क्षेत्रको सुपरिवेक्षणका चुनौतीहरू सबै मिलेर सामना गर्नुपर्ने विचार उहाँले उक्त अवसरमा व्यक्त गर्नुभयो । ऐनले तोकेको समयावधिभित्र बैंकको हिसाब किताबको लेखापरीक्षण हुन नसकेको र अभिलेख राख्दा एकै प्रकृतिका गल्ती तथा कमीकमजोरी प्रत्येक वर्ष दोहोरिरहेकोमा उहाँले चिन्ता प्रकट गर्नुभयो । साथै, समयमै लेखापरीक्षण सम्पन्न गर्ने कार्यमा सहयोग पुर्‍याउन सबैलाई उहाँले निर्देशन दिनुभयो ।

सहायकस्तरका कर्मचारीहरूको अभावका कारण जिल्लास्थित कार्यालय सञ्चालनमा देखिएका समस्या समाधानका लागि विशेष परिस्थितिमा ती कार्यालयहरूले स्थानीय रूपमै त्यस्ता कर्मचारी नियुक्त गरी काममा लगाउन सकिने नीति बैंक व्यवस्थापनले छिट्टै लिने जानकारी गराउनुभयो ।

गोष्ठीमा संस्थागत योजना विभागका कायममुकायम कार्यकारी निर्देशक श्री हरिप्रसाद काफ्लेले बैंकका सबै विभाग तथा कार्यालयको अघिल्लो आर्थिक वर्षको वार्षिक कार्ययोजनाको कार्यान्वयन स्थिति समेटिएको समीक्षा प्रस्तुत गर्नुभएको थियो ।

बैंकका विभागीय प्रमुखहरू, जिल्लास्थित कार्यालयका प्रमुखहरू र वरिष्ठ अधिकृतहरूको सहभागिता रहेको उक्त गोष्ठीमा नेपाल राष्ट्र बैंक, पोखराका मुख्य व्यवस्थापक श्री शिवनाथ पाण्डेले मन्तव्य व्यक्त गर्नुभएको थियो । यस क्रममा उहाँले जिल्लास्थित कार्यालय सञ्चालन प्रभावकारी बनाउन उचित बजेट व्यवस्था हुनुपर्ने सुझाव राख्नुभयो । अन्त्यमा संस्थागत योजना विभागका उप-निर्देशक श्री चिरञ्जीवी चापागाईंले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।●

## विदेशी विनिमय सञ्चिति बढ्यो

२०६५ वैशाखमा कुल विदेशी विनिमय सञ्चिति रु.१ खर्ब ९७ अर्ब ३ करोड पुगेको नेपाल राष्ट्र बैंकले जनाएको छ । यो सञ्चिति २०६४ असारको तुलनामा १९.३ प्रतिशतले बढी छ । २०६४ को वैशाखमा यस्तो सञ्चिति ०.३ प्रतिशतले घटेको थियो ।

अमेरिकी डलरको हिसाबमा भने २०६५ वैशाखमा यस्तो सञ्चिति २०६४ असारको भन्दा १५.५ प्रतिशतले बढेर अमेरिकी डलर २ अर्ब ९४ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा यो १२.५ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनाको आयातलाई आधार मान्दा विद्यमान विदेशी विनिमय सञ्चिति १०.६ महिनाको वस्तु आयात र ८.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको बैंकले जनाएको छ ।●

## आत्मनिर्भर बजेट बनाउन आइएमएफको सुझाव

मुलुकमा उपलब्ध स्रोत र साधनले धान्ने बजेट बनाउन नेपाल सरकारलाई सुझाव दिएको अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) ले जनाएको छ । असार १३ गते बालुवाटारमा आयोजित पत्रकार सम्मेलनमा नेपालका लागि कोषका मिशन प्रमुख श्री ब्रायनले आर्थिक वृद्धिदर बढाउने बजेट तर्जुमा गर्न सरकारलाई सल्लाह दिएको बताउनुभयो । कार्यक्रममा श्री ब्रायन र नेपालका लागि कोषका आवासीय प्रतिनिधि श्री अलेक्ज्याण्डर पिटले पत्रकारहरूको जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा श्री ब्रायनले नेपालको समष्टिगत अर्थतन्त्र सन्तुलित तर संवेदनशील रहेको विचार व्यक्त गर्नुभयो । भारतसंगको स्थीर विनिमयदरका कारण नेपाललाई मूल्यवृद्धि नियन्त्रण गर्न समस्या रहेको उहाँको धारणा थियो । कार्यक्रममा विभिन्न



*श्री पिट (बायाँ) र श्री ब्रायन ।*

सञ्चार माध्यमका २० भन्दा बढी पत्रकारहरूको सहभागिता रहेको थियो ।

असार ४ देखि ११ गते (२००८ जुन १८ देखि २५) सम्म नेपाल बसेको श्री ब्रायन र श्री डेन नेबर सम्मिलित दुई सदस्यीय कोषको मिशनले नेपालमा पेट्रोलियम पदार्थको मूल्य निर्धारणमा स्थायी संयन्त्र निर्माण गर्न जरुरी भइसकेको जनाएको छ ।●

# वित्तीय संस्थाहरूले क्षमता र साख वृद्धि गर्नुपर्ने

डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीले बैंक तथा वित्तीय संस्थाहरूले समयानुकुल क्षमता र साख वृद्धि गर्नुपर्ने कुरा बताउनु भएको छ । उक्त कुरा उहाँले नेपाल राष्ट्र बैंक, विराटनगरद्वारा समसामयिक बैंङ्किङ तथा नीतिगत व्यवस्था विषयमा छलफल गर्ने उद्देश्यले जेठ ११ गते विराटनगरमा आयोजित अन्तरक्रियामा व्यक्त गर्नुभएको हो ।



अन्तरक्रियामा मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर श्री रायमाझी (बीचमा) ।

उक्त अवसरमा उहाँले वित्तीय संस्थाहरूलाई स्वस्थ प्रतिस्पर्धाको नीति अवलम्बन गरी सुरक्षित र सुदृढ तरीकाले व्यवसाय सञ्चालन गर्न सुझाव दिनुभयो । साथै, भारतीय रुपैयाँको सटही सरलीकरण गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक सकारात्मक रहेको पनि उहाँले जानकारी दिनुभयो ।

अन्तरक्रियामा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री रवीन्द्रप्रसाद पाण्डेले "देशको वर्तमान आर्थिक परिदृश्य एवं पूर्वाञ्चल क्षेत्रका सम्भावनाहरू" विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा उहाँले पूर्वाञ्चलको स्रोत, लगानीका सम्भावना, हालको स्थितिमा बैंङ्किङ क्षेत्रले पुऱ्याउन सक्ने सेवा सम्बन्धी अवधारणा प्रष्ट पार्नुभएको छ ।

यसै गरी विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक श्री रामजी रेग्मीले "नेपाल राष्ट्र बैंकले लिएको विदेशी विनिमय नीति र भारतीय मुद्रा सम्बन्धी व्यवस्था" विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले भारु व्यवस्थापन खर्च कम गर्न भारुको सट्टा ड्राफ्ट, टी.टी., चेक, क्रेडिट कार्ड, ATM कार्ड जस्ता अत्याधुनिक उपकरणमार्फत कारोवार गर्न सकिने नीति ल्याउन बैंक प्रयासरत रहेको बताउनुभयो ।

कार्यक्रमको सुरुमा नेपाल राष्ट्र बैंक, विराटनगरका मुख्य व्यवस्थापक श्री जगदीश्वरप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंकले अपनाएका नीति, नियमन व्यवस्था, निर्देशन, सुपरिवेक्षण तथा विदेशी विनिमय व्यवस्थापन नीति सम्बन्धी विद्यमान व्यवस्थाको जानकारी दिनुभएको थियो ।

कार्यक्रममा विराटनगरस्थित "सटही काउन्टर तदर्थ समिति" का तर्फबाट रानी सटही काउन्टरका सञ्चालक श्री रामविलास शाहले भारु सतही व्यवस्थामा सरलीकरण आवश्यक रहेको सुझाव प्रस्तुत गर्नुभयो ।

नेपाल राष्ट्र बैंक, विराटनगरका व्यवस्थापक श्री राजेन्द्र पण्डितले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रमको संयोजन व्यवस्थापक श्री सुनिल मास्केले गर्नुभएको थियो भने सञ्चालन प्रधान नगद सहायक श्री कल्पना भट्टराईले गर्नुभएको थियो । कार्यक्रममा पूर्वाञ्चलका धरान, विराटनगर र इटहरीमा सञ्चालित बैंक तथा वित्तीय संस्थाका प्रवन्धकहरू, मनिचेञ्जर सञ्चालकहरू र पत्रकारहरू गरी ७५ जनाको उपस्थिति रहेको थियो ।

यसै गरी नेपाल राष्ट्र बैंक, विराटनगरले डेपुटी गभर्नर श्री रायमाझीको प्रमुख आतिथ्यमा जेठ १२ गते विराटनगरमा "अर्थव्यवस्थाको वर्तमान प्रवृत्ति र आगामी बजेट" विषयक अन्तरक्रिया आयोजना गऱ्यो । उक्त अवसरमा डेपुटी गभर्नर श्री रायमाझीले रुग्ण उद्योग पुनर्स्थापनाका लागि बैंकले हरेक वर्ष रु. दुई अर्ब छुट्याउने गरेको उल्लेख गर्नुभयो । ग्रामीण क्षेत्रमा हुने कर्जा प्रवाह प्रभावकारी बनाउन बैंकले लघु वित्त नीति तर्जुमा गरी लागू गर्न लागिएको जानकारी उहाँले दिनुभयो ।



कार्यपत्र प्रस्तुत गर्दै श्री रेग्मी ।

कार्यक्रममा कार्यकारी निर्देशकद्वय बैंक सुपरिवेक्षण विभागका श्री पाण्डे र विदेशी विनिमय विभागका श्री रेग्मीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उद्योग सङ्गठन मोरङको तर्फबाट पूर्वाञ्चल क्षेत्रका उद्योगहरूको समस्या र यसको समाधान गर्ने उपायहरू समेटिएको कार्यपत्र प्रस्तुत गरिएको थियो ।

कार्यक्रमका सभापति एवं नेपाल राष्ट्र बैंक विराटनगरका मुख्य व्यवस्थापक श्री अधिकारीले सहभागीहरूबाट प्राप्त सुझाव सरकारलाई बजेट तयार गर्ने प्रयोजनका लागि महत्त्वपूर्ण आधार बन्नसक्ने कुरा बताउनुभयो । उद्योग सङ्गठन, मोरङका अध्यक्ष श्री दिनेश गोल्छाले शान्ति सुरक्षाको स्थितिमा सुधार ल्याई औद्योगिक वातावरण सहज तुल्याउन माग गर्नुभयो । मोरङ व्यापार सङ्घका पूर्व अध्यक्ष श्री शङ्करलाल अग्रवालले उद्योगी तथा व्यवसायीहरूका समस्या न्यूनीकरणका लागि आवश्यक सल्लाह र सुझाव सहितको प्रतिवेदन सरकारसमक्ष पुऱ्याउन नेपाल राष्ट्र बैंक महत्वपूर्ण कडीको रूपमा रहेको बताउनुभयो ।

अन्तरक्रियामा सहभागीहरूले विकास खर्च बढाउनुपर्ने, बजेटलाई गाउँमुखी तुल्याइनुपर्ने र ध्वस्त भएका संरचनाहरूको पुनरनिर्माणतर्फ बजेट केन्द्रित हुनुपर्ने सुझाव दिनुभयो । रेमिटेन्स उत्पादनमूलक क्षेत्रमा लगाउने व्यवस्था गर्नु पर्ने उहाँहरूको सुझाव थियो । विराटनगरमा पनि सुख्खा बन्दरगाह निर्माण गर्नुको साथै कोशी राजमार्ग निर्माण गरी विराटनगर क्षेत्रलाई चार छिमेकी राष्ट्रको गेटवेको रूपमा विकास गरिनुपर्ने उहाँहरूको सुझाव थियो ।

गोष्ठीमा नेपाल राष्ट्र बैंकका पदाधिकारीहरू लगायत स्थानीय उद्योगपति, व्यवसायी, बुद्धिजीवी, प्राध्यापक एवं पत्रकार गरी ६० जनाको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सहायक व्यवस्थापक श्री गोकुलचन्द्र अधिकारीले गर्नुभएको थियो ।

# निर्यात घट्दो, आयात बढ्दो, शोधनान्तर बचतमा

आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनामा देशको कुल निर्यात घटेको र कुल आयात बढेको भए तापनि शोधनान्तर स्थिति बचतमा रहेको छ । नेपाल राष्ट्र बैंकका अनुसार सो अवधिमा नेपालको कुल निर्यात १.२ प्रतिशतले घटेको छ । कुल आयात भने २१ प्रतिशतले बढेको छ ।

समीक्षाअवधिमा अन्य मुलुकतर्फको निर्यात १३ प्रतिशतले बढे तापनि भारततर्फको निर्यात ७.५ प्रतिशतले घटेका कारण कुल निर्यात घटेको हो । अघिल्लो वर्षको यसै अवधिमा कुल निर्यात ०.३ प्रतिशतले मात्र घटेको थियो । त्यो वर्ष भारततर्फको निर्यात १ प्रतिशतले बढेको थियो भने अन्य मुलुकतर्फको निर्यात ३.१ प्रतिशतले घटेको थियो ।

भारततर्फ हुने वनस्पति घ्यू, कपडा, रसायन, खोटो तथा टुथपेष्टको निर्यातमा कमी आएको छ । अन्य मुलुकतर्फ दाल, नेपाली कागज र कागजबाट निर्मित वस्तु, जडीबुटी, गहुँ, कागजका प्याकिङ्ग सामग्री, चुरोट, विद्युतीय तार र स्टेशनरीको निर्यात बढेको छ ।

अघिल्लो वर्ष १०.५ प्रतिशतले बढेको नेपालको कुल आयात यस वर्ष २१ प्रतिशतले बढेको छ । भारतबाट भएको आयात २५.४ प्रतिशतले र अन्य मुलुकबाट भएको आयात १३.८ प्रतिशतले बढेको छ । भारतबाट पेट्रोलियम पदार्थ, एम.एस. विलेट, सवारीसाधन तथा पार्टपूर्जा, कोल्ड रोल्ड सिट इन्क्वाइल तथा हट रोल्ड सिट इन्क्वाइल र अन्य मुलुकबाट विशेषगरी सुन, दूरसंचारका सामग्री, सवारीसाधन तथा पार्टपूर्जा, अन्य मेशिनरी तथा पार्टपूर्जा, भिडियो, टेलिभिजन तथा पूर्जाको आयात बढेको छ ।

वस्तुगत तथा रकमका आधारमा आयात बढेको र निर्यात घटेका कारण समीक्षा अवधिमा नेपालको व्यापार घाटा ३१.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष सोही अवधिमा व्यापार घाटा १६.५ प्रतिशतले वृद्धि भएको थियो ।

विदेशमा काम गर्ने नेपालीहरूले पठाएको विप्रेषण आप्रवाह रु.१ खर्ब ८ अर्ब ६४ करोड पुगेको छ । यो रकम अघिल्लो वर्षभन्दा ३५.३ प्रतिशतले बढी छ । अघिल्लो वर्षको यसै अवधिमा विप्रेषण आप्रवाह ३.१ प्रतिशतले मात्र बढेको थियो ।

पर्यटन आय, विप्रेषण आप्रवाह एवम् पूँजीगत ट्रान्सफरमा उल्लेख्य विस्तार आएका कारण आर्थिक वर्ष २०६४।६५ को दश महिनामा शोधनान्तर स्थिति रू. १९ अर्ब ८८ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रू. ६ अर्ब ९७ करोडले बचतमा थियो । समीक्षा अवधिमा अघिल्लो वर्ष रु. ५ अर्ब ४ करोडले बचतमा रहेको चालू खाता यस वर्ष रु.४ अर्ब ६३ करोडले बचतमा रहेको छ ।●

# तरल सम्पत्ति र अन्तरबैंक कारोवार बढ्दो

आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनामा वाणिज्य बैंकहरूको तरल सम्पत्ति रू १ खर्ब ३५ अर्ब ३७ करोड पुगेको छ । यो अघिल्लो वर्षको सम्पत्तिभन्दा ३.५ प्रतिशतले बढी छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो सम्पत्ति २.४ प्रतिशतले घटेको थियो ।

कुल तरल सम्पत्तिमध्ये तरलकोष रु. ७३ अर्ब २२ करोड रहेको छ । नेपाल सरकारको ऋणपत्रमा गरेको लगानी रु. ६२ अर्ब १५ करोड रहेको छ । २०६५ वैशाखमा वाणिज्य बैंकहरूसँग रहेको कुल तरल सम्पत्ति कुल निक्षेपको ३४.३ प्रतिशत हुन आउँछ ।

समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय हस्तक्षेपमार्फत् वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब १९ करोड खुद खरिद गरी रू ७६ अर्ब ६१ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त हस्तक्षेपमार्फत् अमेरिकी डलर ७३ करोड १७ लाख खुद खरिद गरी रू ५२ अर्ब ४६ करोड बराबरको खुद तरलता प्रवाह भएको थियो । उच्च विप्रेषण आप्रवाहले गर्दा विदेशी विनिमय बजारमा खरिद हस्तक्षेप बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब २१ करोड बिक्री गरी रू ७७ अर्ब २७ करोड बराबरको भारु खरिद गरिएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर ६९ करोड बिक्री गरी रू ४८ अर्ब ८९ करोड बराबरको भारु खरिद गरिएको थियो । भारतसँगको बढ्दो चालू खाता घाटा र नेपाल आयल निगमले भारतीय आयल निगमलाई तिर्नुपर्ने बक्यौता अघिल्लो वर्षभन्दा बढी भुक्तानी गरेकोले भारु खरिद बढेको हो ।

समीक्षा अवधिमा खुला बजार कारोवारअन्तर्गत रिभर्स रिपो बोलकबोल उपकरणमार्फत् रू ६ अर्ब ५७ करोड र बिक्री बोलकबोलमार्फत् रू ६ अर्ब ४७ करोड गरी कुल रू १३ अर्ब ४ करोड बराबरको तरलता प्रशोचन गरिएको छ । २०६४ पुस र माघ महिनामा केही वाणिज्य बैंकहरूसँग तरलता अभाव भएकोले रिपो बोलकबोलमार्फत् कुल रू ९ अर्ब बराबरको तरलता प्रवाह गरिएको थियो । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा बिक्री बोलकबोलबाट रू १० अर्ब २० करोड र रिभर्स रिपो बोलकबोलबाट रू १४ अर्ब ६ करोड गरी कुल रू २४ अर्ब २६ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो भने रिपो बोलकबोलमार्फत् रू २ अर्ब बराबरको तरलता प्रवाह गरिएको थियो ।

यस अवधिमा वाणिज्य बैंकहरूले नेपाल राष्ट्र बैंकबाट उपयोग गरेको स्थायी तरलता सुविधा कर्जा कुल रू ९७ अर्ब ६० करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूले उपयोग गरेको स्थायी तरलता सुविधा कर्जा कुल रू ३० अर्ब ९४ करोड रहेको थियो ।

समीक्षा अवधिमा वाणिज्य बैंकहरूबीच कुल रू २ खर्ब २४ अर्ब ९७ करोड बराबरको अन्तरबैंक कारोवार भएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त कारोवार रू १ खर्ब ३८ अर्ब ८१ करोड रहेको थियो । वाणिज्य बैंकहरूको नगदकोष व्यवस्थापन कार्यमा सुधार आएको र पूँजी बजारमा बैंक कर्जामा विस्तार आएकोले कुल अन्तरबैंक कारोवार बढेको हो ।

समीक्षा अवधिमा ९१ दिने ट्रेजरी विलको भारित औसत मासिक व्याजदर ५.३२ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा ट्रेजरी विलको सो व्याजदर २.४३ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष भारित औसत मासिक अन्तरबैंक व्याजदर ३.३५ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ६.४८ प्रतिशत पुगेको छ ।●

# मुख्य व्यवस्थापकहरूको व्यवस्थापन गोष्ठी

हरेक वर्षझैं यस वर्ष पनि संस्थागत योजना विभागले आयोजना गरेको मुख्य व्यवस्थापकहरूको गोष्ठीको वैशाख २७ गते पोखरामा डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीले उद्घाटन गर्नुभयो ।



उक्त अवसरमा उहाँले बैंकको सञ्चालक समितिले बजेटमार्फत दिइएका निर्देशन राम्ररी पालना नभएको र त्रैमासिक समीक्षा समयमा हुन नसकेको उल्लेख गर्नुभयो । स्वीकृत नीति निर्देशन अनुसार पारदर्शी ढङ्गले बजेट खर्च गर्न र राम्रो प्रतिफल दिने खालको वार्षिक कार्ययोजना तर्जुमा गर्न सो अवसरमा उहाँले निर्देशन दिनुभयो ।

गोष्ठीको अध्यक्षता संस्थागत योजना विभागका कायममुकायम कार्यकारी निर्देशक श्री हरिप्रसाद काफ्लेले गर्नुभएको थियो ।

उद्घाटनपश्चात् डेपुटी गभर्नर श्री रायमाझीको अध्यक्षतामा अन्तरक्रिया सञ्चालन गरिएको थियो । कार्यक्रममा संस्थागत योजना विभागका निर्देशक श्री बासुदेव आचार्यले कार्ययोजना कार्यान्वयनमा देखिएका समस्या, चुनौती तथा बजेट निर्देशिकाको पालना सम्बन्धमा देखिएका कमी कमजोरी विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

प्रस्तुत कार्यपत्रमाथि टिप्पणी गर्दै वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक श्री अश्विनीकुमार ठाकुरले भौतिक निर्माण तथा मर्मत सुधारका कार्यहरू वार्षिक कार्ययोजनामा नराखी नियमित बजेट अन्तर्गत राख्नु पर्ने, वार्षिक कार्ययोजनाको कार्यक्रम मुद्रा व्यवस्थापन विभाग, बैंङ्किङ कार्यालय, सामान्य सेवा विभाग र अनुसन्धान विभागसँग समन्वय गरेर स्वीकृत गर्नुपर्ने धारणा राख्नुभयो ।

त्यसै क्रममा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक श्री लिलाप्रकाश सिटौलाले खर्च बढी हुने तर प्रतिफल कम हुने कार्यक्रमहरू वार्षिक कार्ययोजनाबाट हटाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

अन्तरक्रियामा उपत्यका बाहिरका कार्यालय सञ्चालनमा देखिएका समस्या, समाधानका उपाय र प्रभावकारी व्यवस्थापन विषयमा विस्तृत छलफल भएको थियो ।

गोष्ठीमा नेपाल राष्ट्र बैंक, पोखराका व्यवस्थापक श्री मानबहादुर नेपालीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने सहभागीहरूको तर्फबाट नेपाल राष्ट्र बैंक, नेपालगञ्जका मुख्य व्यवस्थापक श्री कृष्णबहादुर थापाले गोष्ठीबाट उपत्यका बाहिरका कार्यालयहरूलाई सकारात्मक मार्गनिर्देशन मिलेको धारणा व्यक्त गर्नुभयो ।

गोष्ठीमा जिल्लास्थित कार्यालयसँग सरोकार रहने वित्त व्यवस्थापन विभाग, सामान्य सेवा विभाग, जनशक्ति व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभाग, बैंङ्किङ कार्यालयका कार्यकारी निर्देशकहरूका साथै आन्तरिक लेखापरीक्षण विभागका निर्देशक, उपत्यका बाहिरका सातै कार्यालयका मुख्य व्यवस्थापकहरूको सहभागिता रहेको थियो ।

गोष्ठीको सञ्चालन संस्थागत योजना विभागका उप-निर्देशक श्री रामप्रसाद गौतमले गर्नुभएको थियो ।●

# वित्तीय संस्थामा संस्थागत सुशासन अत्यावश्यक

वित्तीय संस्थाको दीर्घकालीन स्थायित्वका लागि संस्थागत सुशासन अति आवश्यक रहेको वित्तीय संस्था सुपरिवेक्षण विभागले असार ६ गते काठमाडौंमा आयोजना गरेको एक अन्तरक्रियाका सहभागीहरूले व्यक्त गरेका छन् ।

विकास बैंक तथा वित्त कम्पनीका कार्यकारी प्रमुखहरूलाई संस्थागत सुशासनका विविध पक्षको जानकारी दिन आयोजित 'वित्तीय संस्थाहरूमा संस्थागत सुशासन' विषयक उक्त अन्तरक्रियाको शुभारम्भ आयोजक विभागका कार्यकारी निर्देशक श्री भोलाराम श्रेष्ठले गर्नुभएको थियो । उक्त अवसरमा उहाँले व्यवस्थापन र सञ्चालक समिति बीचको सेतुको रुपमा कार्य गर्ने प्रमुख कार्यकारीहरूको भूमिका निक्षेपकर्ताको हित संरक्षणका लागि संस्थागत सुशासन कायम गर्न महत्त्वपूर्ण हुने धारणा व्यक्त गर्नुभयो ।




कार्यक्रममा सोही विभागका निर्देशक श्री शिवराज श्रेष्ठले संस्थागत सुशासन सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त अवसरमा उहाँले संस्थागत सुशासन सम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त र मान्यताहरूको चर्चा गर्नुभयो । कार्यपत्र प्रस्तुतिका क्रममा उहाँले संस्थाको स्वस्थ सञ्चालनका लागि सञ्चालक समिति, कार्यकारी प्रमुख तथा कर्मचारीहरूले निष्पक्ष र इमान्दार भएर आफ्नो भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

नेपाल वित्त कम्पनी सङ्घका अध्यक्ष तथा एल्पिक एभरेष्ट फाइनान्स कम्पनी लिमिटेडका महाप्रबन्धक श्री रामशान्त श्रेष्ठले आजको प्रतिस्पर्धात्मक वातावरणमा निक्षेपकर्ताको हित संरक्षणका लागि संस्था स्वनियमनमा रहनुपर्ने आवश्यकता औंल्याउनुभयो । वित्तीय संस्थाका सञ्चालकलाई सुशासन सम्बन्धी तालिम दिइनुपर्ने, संस्था सञ्चालनको कानून तथा नियमनमा एकद्वार नीति लागु हुनुपर्ने लगायतका सुझाव उहाँले दिनुभयो ।

विकास बैंक तथा वित्तीय संस्था सङ्घका अध्यक्ष तथा गोरखा विकास बैंकका कार्यकारी अध्यक्ष श्री डी.बी. बम्जनले संस्था र ग्राहकबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साना निक्षेपकर्ताको हितको सुरक्षाको लागि निक्षेप बीमा व्यवस्था हुनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रमको शुरुमा आयोजक विभागका निर्देशक श्री पूर्णबहादुर खत्रीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने अन्त्यमा निर्देशक श्री भुवन कँडेलले धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन उप-निर्देशक श्री सुखचन्द्र झाले गर्नुभएको थियो ।

अन्तरक्रियामा विभिन्न विकास बैंक तथा वित्त कम्पनीका ४० जना प्रमुख कार्यकारी अधिकृतका अतिरिक्त बैंक सुपरिवेक्षण विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा आन्तरिक लेखापरीक्षण विभागका अधिकृतहरूको सहभागिता रहेको थियो ।●

# मूल्य तथ्याङ्कले सरकारी नीति निर्माणमा सहयोग पुग्ने

नेपाल राष्ट्र बैंकले प्रकाशित गर्ने मूल्य तथ्याङ्क शुद्ध, पारदर्शी र




वैज्ञानिक रहेको चर्चा अनुसन्धान विभाग, मूल्य महाशाखाले जेठ २८ गते बनेपामा आयोजना गरेको मूल्य तथ्याङ्क गोष्ठीमा गरियो । गोष्ठी काभ्रे उद्योग वाणिज्य सङ्घका अध्यक्ष श्री लक्ष्मीलाल राजभण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

गोष्ठीमा अनुसन्धान विभागका कायममुकायम कार्यकारी निर्देशक श्री त्रिलोचन पँगेनीले अहिलेको मूल्यवृद्धि नेपालको आन्तरिक कारणबाट नभएको स्पष्ट पार्नु भयो । अन्तर्राष्ट्रिय कारणले भएको मूल्यवृद्धि नियन्त्रण गर्न केन्द्रीय बैंकलाई कठिन पर्ने उहाँले बताउनुभयो ।

मूल्य महाशाखाका उप-निर्देशक श्री गोपालप्रसाद भट्टले 'नेपालमा मूल्य तथ्याङ्क सङ्कलन: सन्दर्भ, औचित्य एवं चुनौतीहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले समग्र मूल्य स्थिति (aggregate price level) ले कुनै एक वस्तु विशेषको मूल्यको उतारचढावलाई नभई नेपाल राष्ट्र बैंकको वस्तु डालोमा समाविष्ट तीन सय एक वस्तुको मूल्य घटबढलाई सङ्केत गर्ने बताउनुभयो । यथार्थपरक मूल्यस्थिति र मुद्रास्फीतिको जानकारी सर्वसाधारण लगायत तथ्याङ्क प्रयोगकर्तालाई सहज र सरल किसिमले उपलब्ध गराउने नेपाल राष्ट्र बैंकको प्रयासमा तथ्याङ्क प्रदायक व्यक्ति एवं सङ्घ/संस्थाहरूको सहयोग अपरिहार्य रहेको उहाँको कार्यपत्रको निष्कर्ष थियो ।

करिब ६० जना स्थानीय उद्यमी, व्यापारी तथा पत्रकारहरूको उपस्थिति रहेको उक्त गोष्ठीमा दुग्ध व्यवसायी, कपडा व्यापारी लगायतले अन्तरक्रियामा भाग लिनुभएको थियो ।

सहभागीको तर्फबाट श्री



रघुनाथ घिमिरेले यो वर्ष पशुपालन क्षेत्रको उत्पादकत्व घट्न गएको तथ्य औंल्याउनुभयो भने श्री मणिराज कायस्थले काभ्रे उद्योग वाणिज्य सङ्घले यस क्षेत्रमा रहेका व्यापारका प्रकृति र व्यापारीको तथ्याङ्क सङ्कलन गर्न लागेको बताउनुभयो ।

प्रमुख अतिथिको आसनबाट काभ्रे उद्योग वाणिज्य सङ्घका अध्यक्ष श्री राजभण्डारीले बनेपा शहर व्यापारिक केन्द्र मात्र नभएर छिमेकी गाउँहरूको आपूर्तिकर्ता पनि रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा मूल्य महाशाखाका सहायक निर्देशक श्री नरेन्द्र विष्टले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन सोही महाशाखाका सहायक निर्देशक श्री शैलेन्द्र रेग्मीले गर्नुभएको थियो ।●

# नेपालगञ्जमा आर्थिक तथ्याङ्क गोष्ठी

नेपाल राष्ट्र बैंक, नेपालगञ्जले जेठ २४ गते दाङको घोराहीमा आर्थिक तथ्याङ्क गोष्ठी सम्पन्न गऱ्यो । गोष्ठीमा दाङ जिल्लास्थित विभिन्न बैंक तथा वित्तीय संस्था एवम् सरकारी कार्यालयका तथ्याङ्कसंग सम्बन्धित कर्मचारीहरू, उद्योगी, व्यवसायी एवं अर्थशास्त्रीहरूको सहभागिता रहेको थियो ।

गोष्ठीका अतिथि सह प्रा. डा. तेजबहादुर के.सी.ले आर्थिक तथ्याङ्कले नागरिकको जीवनमा महत्त्व राख्ने विचार व्यक्त गर्नुभयो । देशको केन्द्रीय बैंक तथा सरकारको आर्थिक सल्लाहकार समेत रहेको नेपाल राष्ट्र बैंकले सङ्कलन गर्ने तथ्याङ्कको विशेष महत्त्व हुने भएकोले सम्बन्धित कार्यालयहरूले नेपाल राष्ट्र बैंकबाट माग भएका तथ्याङ्क एवं सूचनाहरू तथ्यपूर्ण ढंगले निर्धारित समयमा उपलव्ध गराउनुपर्ने कुरामा जोड दिनुभयो ।

गोष्ठीमा नेपाल राष्ट्र बैंक, नेपालगञ्जका व्यवस्थापक श्री हरिगोपाल अधिकारीले "आर्थिक तथ्याङ्क सङ्कलनको महत्त्व तथा चुनौती" विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । यस अवसरमा उहाँले नेपाल राष्ट्र बैंकले समग्र अर्थतन्त्रका विभिन्न पक्षहरू कृषि तथा औद्योगिक उत्पादन, भौतिक पूर्वाधारको स्थिति, रोजगारी, शिक्षा, स्वास्थ्य, आयात-निर्यात, पर्यटन र विदेशी विनिमय स्थितिका सम्बन्धमा प्रतिवेदन तयार गरी सरकारसमक्ष पेश गर्नुका साथै सार्वजनिक समेत गर्नु पर्ने भएकोले यसका लागि समयमै सही तथ्याङ्क उपलब्ध हुनुपर्ने उल्लेख गर्नुभयो । कार्यपत्रमा उहाँले तथ्याङ्कको महत्त्व एवम् तथ्याङ्क सङ्कलन गर्दा आइपरेका समस्या र चुनौतीका बारेमा चर्चा गर्नुभएको छ । गोष्ठीमा उठेका जिज्ञासाको जवाफ कार्यपत्र प्रस्तोता श्री अधिकारीले दिनुभएको थियो ।

गोष्ठीका सभापति तथा सोही कार्यालयका व्यवस्थापक श्री पीताम्बर भण्डारीले देशको समग्र आर्थिक गतिविधिको विश्लेषणका लागि तथ्याङ्क आवश्यक पर्ने धारणा राख्दै तथ्याङ्क सङ्कलनका क्रममा देखापरेका समस्याको समाधान सम्बन्धित सबै पक्ष मिलेर गर्नुपर्नेमा जोड दिनुभयो ।

सहायक व्यवस्थापक श्री गोविन्दप्रसाद राजभण्डारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको सो गोष्ठीको संचालन प्रधान सहायक श्री मनोजकुमार के.सी.ले गर्नुभएको थियो ।●

# आर्थिक वर्ष २०६४/६५ मा जारी भएका मुख्य निर्देशनहरू



■ दीपकराज लामिछाने

मुलुकको वित्तीय क्षेत्रलाई स्वस्थ, प्रतिस्पर्धी, कुशल तथा व्यावसायिक बनाई आर्थिक विकासमा योगदान दिन सक्ने बनाउनु आर्थिक सुधार कार्यक्रमको एक महत्त्वपूर्ण लक्ष्य हो । यो लक्ष्य प्राप्त गर्न केन्द्रीय बैंकले वित्तीय क्षेत्रको नियमन, निरीक्षण लगायत आधुनिक परिवेशसँग मेल खाने नीति नियमहरू निर्माण गरी समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि र जनविश्वास हासिल गर्ने उद्देश्यले निर्देशन जारी गर्दै आएको छ । नेपालमा वित्तीय कारोवार सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाहरूलाई आर्थिक वर्ष २०६४/६५ मा नेपाल राष्ट्र बैंकले जारी गरेका प्रमुख निर्देशनको विश्लेषण यस लेखमा गरिएको छ ।

प्राथमिकता क्षेत्रमा कर्जा लगानी गर्नुपर्ने वाध्यात्मक व्यवस्था आर्थिक वर्ष २०६४/६५ देखि एक निर्देशन जारी गरी हटाइएको छ । तर "क" वर्गका वित्तीय संस्थाले कुल कर्जा सापट (विल्स खरिद तथा डिस्काउण्टसमेत)को कम्तिमा तीन प्रतिशत र "ख" वर्गका संस्थाले एक प्रतिशत विपन्न वर्गमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । यसले पिछडिएका र न्यून आय भएका वर्गको आर्थिक हितमा केही टेवा पुग्न गएको छ ।

अर्थतन्त्रको स्वस्थता र वृद्धि नाप्ने औजारको रुपमा शेयर बजार परिसूचकको प्रयोग अन्तर्राष्ट्रियस्तरमा नै हुने गर्दछ । वित्तीय सम्पत्तिहरूको कारोवार हुने यो बजारले वास्तविक क्षेत्रको उत्पादकत्व र वृद्धिलाई समेत प्रतिनिधित्व गर्नुपर्ने हुनाले यसलाई सट्टेबाजी प्रकृतिले सञ्चालन हुन दिनु हितकर हुँदैन । शेयर बजारको अस्वाभाविक वृद्धिमा शेयर धितोमा प्रवाह हुने कर्जाको महत्त्वपूर्ण भूमिका हुने र बजारमा हुने कर्जाको प्रवाह केन्द्रीय बैंकको पनि चासोभित्र पर्ने हुँदा नेपाल धितोपत्र बोर्डसँगको छलफलबाट मार्जिन लेन्डिङ सम्बन्धी निर्देशन जारी गरिएको छ । नयाँ व्यवस्था अनुसार नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा सूचीकृत शेयरको धितोमा बढीमा शेयरको पछिल्लो १८० कार्य दिनको अन्तिम मूल्यको औसतको ५० प्रतिशत वा शेयरको प्रचलित बजार मूल्यको ५० प्रतिशतमध्ये जुन कम हुन्छ सो रकमसम्म मात्र कर्जा दिन सकिनेछ । प्रवाह गरिसकेको कर्जालाई सुरक्षणमा रहेको शेयरको पूनर्मूल्याङ्कन गरी थप कर्जा सीमा कायम गर्न वा थप कर्जा प्रदान गर्न पाइने छैन । यस्तो कर्जाको अवधि एक वर्षभन्दा बढी हुन नहुने र नवीकरण, पुनर्संरचना र पुनर्तालिकीकरण गर्न समेत पाइने छैन । यस व्यवस्थाहरूबाट शेयर बजारमा हुनसक्ने अनियमिततालाई रोक्न, कर्जा प्रवाहलाई नियमन गर्न, अर्थतन्त्रमा हुनसक्ने अधिक साख सिर्जनालाई नियन्त्रण गर्न र वास्तविक एवं दीर्घकालीन रुपमा शेयर बजारको विकास गर्न सहयोग पुग्दछ ।

जलविद्युत सम्बन्धी परियोजनामा लगानी गर्ने सन्दर्भमा विद्यमान २५ प्रतिशतको एकल ग्राहक कर्जा सीमालाई वृद्धि गरी कोषमा आधारित कर्जा तथा गैरकोषमा आधारित सुविधा समेत गरी प्राथमिक पूँजीको बढीमा ५० प्रतिशतसम्म कर्जा लगानी गर्न सक्ने गरी सीमा कायम गरिएको छ । यसले लामो अवधिका आयोजनाको निर्माणमा बैङ्किङ क्षेत्रको योगदानलाई बढाउनुको साथै पूर्वाधार र व्यावसायिक क्षेत्रमा लगानी प्रोत्साहित गरेको छ ।

त्यसै गरी परियोजना सञ्चालन गर्न स्थापित पब्लिक लिमिटेड कम्पनीको शेयर तथा डिबेञ्चरमा बैंक तथा वित्तीय संस्थाले गरेको लगानी रकम तीन वर्षभित्र यस्ता धितोपत्र धितोपत्र विनिमय बजारमा सूचीकृत नभएको अवस्थामा सम्पूर्ण रकम लगानी समायोजन कोष खडा गरी जम्मा गर्नुपर्नेछ । यस्तो रकम धितोपत्र सूचीकृत नभएसम्म अन्य कुनै प्रयोजनको लागि उपयोग गर्न पाइने छैन । यस व्यवस्थाले शेयरमा गरेको लगानीमा निहित तरलता र बजारीकरण जोखिमलाई न्यून गर्न मद्दत गर्दछ ।

५१ प्रतिशतभन्दा बढी संस्थापक समूहको शेयर स्वामित्व रहेका बैंक तथा वित्तीय संस्थाका संस्थापक शेयरधनीहरूले चाहेमा संस्थापक समूहको शेयर स्वामित्व कम्तिमा ५१ प्रतिशत कायम रहने गरी बाँकी शेयर सर्वसाधारण शेयर सरह नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमार्फत कारोवार गर्न सक्ने व्यवस्था कायम गरिएको छ । यसबाट धितोपत्र विनिमय बजारमा शेयरको आपूर्ति बढ्न गई मागको कारणले मूल्यमा परेको चाप घट्न गई धितोपत्र बजारलाई प्रगाढ, स्थिर र स्वस्थ बन्ने अपेक्षा गरिएको छ ।

"ख" र "ग" वर्गका विकास बैंक तथा वित्तीय संस्थाहरूले जग्गा विकास, आवासीय प्रयोजनको लागि जग्गा खरिद तथा घर निर्माण जस्ता परियोजना सञ्चालन गर्ने र त्यस्ता घरजग्गाको बिक्री वितरण तथा व्यवस्थापन गर्ने गराउने सम्बन्धी कार्य गर्दा आफ्नो प्राथमिक पूँजीको २५ प्रतिशतभन्दा बढी लगानी गर्न नपाउने व्यवस्था गरिएको छ । यसले अल्पकालीन लाभ हेतु अर्थतन्त्रको अनुत्पादक क्षेत्रमा हुने लगानीलाई नियमन गर्ने विश्वास लिइएको छ ।

कुनै पनि कम्पनीको शेयर खरिद आवेदनको अर्धकट्टीको सुरक्षणमा बैंक तथा वित्तीय संस्थाहरूले कर्जा प्रवाह गर्न नपाइने व्यवस्था लागु गरिएको छ । प्रवाह भइसकेका कर्जाको हकमा नयाँ व्यवस्था लागू भएको मितिले एक महिनाभित्र कर्जा चुक्ता गर्नुपर्ने अन्यथा पर्याप्त धितो लिई पूर्ण सुरक्षित हुनेगरी नियमित गरिसक्नुपर्ने र सो अनुसार गर्न गराउन नसकेको अवस्थामा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने छ । यस व्यवस्थाले असुरक्षित, अनुत्पादक र सट्टेबाजी प्रकृतिको कर्जा प्रवाहलाई निरुत्साहित गरेको छ ।

वाणिज्य बैकहरूले स्थायी तरलता सुविधा (SLF) अन्तर्गत प्राप्त गर्ने कर्जा सुविधा ५० प्रतिशतबाट ७५ प्रतिशत कायम गरिएको छ । यसले तरलता अभावलाई पूरा गरी कोषको स्रोतको दायरा फराकिलो पारेको छ ।

बैंक तथा वित्तीय संस्थाहरूले तोकिए बमोजिमको न्यूनतम पूँजी कोष अनुपात जुनसुकै बखत कायम गर्नुपर्ने निर्देशन जारी भएको छ । यसका साथै, यी संस्थाले प्रत्येक महिनाको वित्तीय विवरण आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराई अर्को महिनाभित्र बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । प्रत्येक महिनामा तोकिएको पूँजीकोष अनुपात कायम गर्न नसकेमा लाभांश तथा बोनस शेयर वितरण गर्न नपाइने व्यवस्था २०६५ कात्तिक १ गतेदेखि लागू हुनेछ । यस व्यवस्थाबाट त्रयमासको अन्त्यमा मात्र पूँजीकोष पुऱ्याउने प्रवृत्तिलाई रोक्ने, पूँजी पर्याप्तता संस्थाको लागि आवश्यक तत्व हो भन्ने बोध गराई कर्जा प्रवाहमा हुने लापरवाही रोक्ने विश्वास लिइएको छ ।●

# लघु वित्त, विपन्न वर्ग र महिलाको अन्तरसम्बन्ध



■ रामेश्वरी पन्त

सानो रकमको कर्जालाई लघु वित्त भनिन्छ । यो एक वित्तीय सेवा हो र यसले लघु कर्जा बाहेक अन्य क्षेत्रलाई पनि समेटेको हुन्छ । यस अन्तर्गत लघु बचत, लघु कर्जा, लघु विमा र लघु बचत स्थानान्तरण आदि पर्दछन् ।

विशेष गरेर लघु वित्तले विपन्न वर्गबाट उठाइने बचत, उनीहरूलाई प्रदान गरिने कर्जा, उनीहरूको व्यवसाय विमा र कमाइलाई गरिने स्थानान्तरण आदिलाई समेट्ने गर्दछ । लघु बचतबाट विपन्न वर्गले भविष्यमा अपर्झट आइपर्ने आर्थिक विपत्तिबाट छुटकारा पाउन सक्छन् । बचत रकमले व्यवसाय सञ्चालन गर्न सकिन्छ भने विवाह लगायतका सामाजिक कार्यका साथै औषधी उपचारका लागि चाहिने खर्चको जोहो गर्न सकिन्छ ।

लघु कर्जाबाट रोजगारी र आम्दानी बढाउने आर्थिक क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । यसबाट कृषि तथा बागबानी, पशुपंक्षीपालन, स-साना ग्रामीण तथा घरेलु लघु उद्यम, स्वरोजगारमुलक तथा आयमुलक व्यवसाय, खुद्रा पसल आदि सञ्चालन गर्न सकिन्छ । यसैगरी लघु विमाबाट व्यवसायमा हुने हानि नोक्सानीबाट बच्न सकिन्छ । दैवी प्रकोपले हुने बालीनालीको नाश, पाल्तु पशुपंक्षीको मृत्यु र व्यावसायिक घाटा लगायतका जोखिम कम गर्न सकिन्छ ।

अचल सम्पत्ति धितो राख्न नसकेको कारण बैंक तथा वित्तीय संस्थाबाट ऋण पाउन वञ्चित विपन्न वर्गलाई लघु वित्त सेवा उपलब्ध गराइन्छ । सानो परिमाणको कर्जा भएकोले लघु कर्जाको सञ्चालन खर्च बढी हुने र पर्याप्त धितो नभएका कारण ऋण नउठ्ने सम्भावना बढी हुने भएकोले बैंक तथा वित्तीय संस्थाहरू प्रत्यक्ष रूपमा यो क्षेत्रमा कर्जा प्रवाह गर्न चाहँदैनन् । जटिल कर्जा प्रक्रिया, ठूलो परिमाणको ऋण, अनिवार्य धितो लगायतका कारण विपन्न वर्ग ती संस्थाहरूसँग कर्जा कारोवार गर्न नसक्ने हुन्छन । त्यसैले सानो पूँजीबाट स्थानीय स्तरमा सञ्चालन भएका सहकारी संस्था तथा गैरसरकारी संस्थाहरूबाट लघु वित्तको सेवा पुऱ्याउने प्रक्रिया सुरु गरिएको हो ।

परम्परागत रुपमा विपन्न वर्गलाई लघु कर्जा मात्र दिइने गरिन्थ्यो । कर्जा रकम उपयोग गर्ने सीपको अभावमा यसरी प्रवाह गरिएको कर्जा प्रभावकारी भएन । कर्जा दिने संस्था मेरो पनि हो भन्ने भावना नसिकाइएका कारण संस्थाबाट लिएको कर्जा तिर्नभन्दा त्यसलाई छल्ने प्रवृत्ति ऋणीमा देखियो । त्यसैले कर्जा दिनु पहिले योग्य व्यक्तिहरूलाई संस्थाको सदस्य बनाउने र उनीहरूबाट बचत संकलन गर्ने प्रक्रिया सुरु गरियो । आफ्नै संस्थाबाट लिएको कर्जा समयमै तिर्नुपर्छ र संस्थाको दिगोपनाको लागि सहयोग गर्नुपर्छ भन्ने भावना विकास भई यस्ता संस्थाहरूको स्थापनाले व्यापकता पायो ।

नेपाल राष्ट्र बैंकले न्यून आय भएका र सामाजिक रूपमा पिछडिएका महिला, जनजाति, दलित, अन्धा, बहिरा, शारीरिक अपाङ्ग, सीमान्त तथा साना किसान, कालिगढ, मजदुर र भूमिहीन परिवारलाई विपन्न वर्ग मानेको छ । ग्रामीण स्वावलम्बन कोषले आफ्नो वा आफ्नो एकाघर परिवारको नाममा पहाडमा बढीमा १५ रोपनीसम्म वा तराईमा १ बिगाहासम्म जमीन भएका व्यक्ति वा घरपरिवार, आफ्नो वा आफ्नो एकाघर परिवारका सदस्यको नियमित आयस्रोत नभई वर्षभरि खान लाउन नपुग्ने व्यक्ति वा घरपरिवार, आफ्नो वा आफ्नो एकाघर परिवारको जग्गाजमीनबाट वर्षभरि खान लाउन नपुग्ने व्यक्ति वा घरपरिवारलाई विपन्न वर्ग भनेर परिभाषित गरेको छ ।

विपन्न वर्गलाई कृषि तथा बागवानी, साना ग्रामीण तथा घरेलु लघु उद्यम, स्वरोजगारमुलक एवं आयमुलक व्यवसाय सञ्चालन गर्न, खुद्रा पसल सञ्चालन गर्न र नवीकरणीय उर्जा सञ्चालन गर्न प्रदान गरिने कर्जालाई विपन्न वर्ग कर्जा भनिन्छ । यस्तो कर्जा प्रतिव्यक्ति वा प्रतिसमूह रु ६० हजारदेखि रु १ लाख ५० हजारसम्मको हुने गर्दछ ।

धेरैजसो लघु वित्तीय संस्थाहरूले महिलालाई लघु वित्त कार्यक्रमको केन्द्रविन्दु (Focus) बनाएका छन् । महिलाहरू आर्थिक र सामाजिक रूपले सबल नभइकन विपन्न वर्गका परिवारको जीवनस्तर बढ्न नसक्ने कटु यथार्थ यसको प्रमुख कारण हो । लघु वित्त सेवा लिने महिलाहरू विपन्न वर्गका हुने र उनीहरूसँग धितो राख्न भौतिक सम्पत्ति नहुने भएकोले उनीहरूको समूह बनाई समूहमार्फत कर्जा प्रवाह गर्ने गरिन्छ ।

पुरुष वर्गलाई दिइएको कर्जाको तुलनामा महिलालाई दिइएको कर्जा बढी सदुपयोग भएको पाइएको छ । यसैगरी पुरुषभन्दा महिलाले बढी मितव्ययिता अपनाउने हुनाले उनीहरूबाट बढी बचत सङ्कलन हुनुका साथै बचत रकम आवश्यक परेको समयमा खर्च गर्न उनीहरू हिच्किचाउँदैनन् । कर्जाका साथसाथै साक्षरता कक्षा र सिप विकास तालिम सञ्चालन गर्ने हुनाले लघु वित्तीय संस्थाहरूले महिला सशक्तीकरण बढाएको छ । आयमुलक कार्यक्रम सञ्चालन गर्दा महिलाहरूले रोजगारी प्राप्त गर्ने र यसले उनीहरूले आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउने हुनाले महिला र पुरुषबीच देखिएको

■■■

**कर्जाका साथसाथै साक्षरता कक्षा र सीप विकास तालिम सञ्चालन गर्ने हुनाले लघु वित्तीय संस्थाहरूले महिला सशक्तीकरण बढाएको छ ।**

■■■

असमानता (Gender Gap) हटाउन सघाउ पुऱ्याएको छ ।

सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको महिलाले लिएको कर्जा बालबच्चाको भलाइको लागि खर्च गरिने हुनाले यसले बच्चाहरूको मानसिक र सामाजिक विकासमा सहयोग पुऱ्याएको हुन्छ । अन्तर्राष्ट्रिय लघु वित्त सम्मेलन २००५ का अनुसार विश्वका अधिकांश देशहरूमा बच्चाहरूलाई हुर्काउने जिम्मेवारी महिला वर्गको देखिएकोले महिलाको गरिबीले उनीहरूको बच्चाहरूको शारीरिक र मानसिक विकासमा प्रतिकूल असर पार्दछ । साथै, महिलाहरूले आफ्नो आम्दानी परिवारको भलाइको लागि खर्च गरेका हुन्छन् । आम्दानी बढाउने क्रियाकलाप सुरु भएपछि परिवारभित्रै पनि उनीहरूको सामाजिक अवस्थामा सुधार आएको अर्थात् परिवारबाट सम्मान पाउन थालेको समेत पाइएको छ । कपडा सिलाउने, पशुपंक्षी पाल्नेजस्ता क्रियाकलापबाट महिलाहरू घरभित्रै बसेर बच्चा हुर्काउनुको साथै आम्दानी गर्न सक्छन् ।

अनुभवले देखाए अनुसार महिलालाई प्रदान गरेको कर्जा असुलीको प्रतिशत पुरुषलाई प्रदान गरिएको कर्जाको असुलीदरभन्दा बढी देखिएको छ । नेपाल राष्ट्र बैंक, ग्रामीण स्वावलम्बन कोषको तथ्याङ्क अनुसार महिला मात्र सदस्य भएको सहकारी संस्थाको कर्जा असुलीदर पुरुषसमेत सदस्य भएको संस्थाको भन्दा बढी छ ।●

# डेपुटी गभर्नर श्री रायमाझी बैंककमा



डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझी APRACA र CENTRAB ले संयुक्त रूपमा थाइल्याण्डको बैंककमा आयोजना गरेको "Tribute Presentation and Caucus in Thailand" विषयक सेमिनारमा भाग लिनुभई जेठ ३२ गते काठमाडौं फर्कनुभयो । सेमिनारमा भाग लिन उहाँ जेठ २८ गते प्रस्थान गर्नुभएको थियो ।

# कामु कार्यकारी निर्देशक श्री पौडेल वासिंगटनमा



बैंक तथा वित्तीय संस्था नियमन विभागका कायममुकायम कार्यकारी निर्देशक श्री नारायणप्रसाद पौडेल Federal Reserve System ले अमेरिकाको वासिंगटन डि.सी. आयोजना गरेको Bank Analysis and Examination School विषयक सेमिनारमा भाग लिन जेठ ३१ गते त्यसतर्फ जानुभई असार १६ गते काठमाडौं फर्कनुभयो । उहाँका साथ सेमिनारमा भाग लिन सोही विभागका सहायक निर्देशक श्री कुमारमणि रिसाल पनि जानुभएको थियो ।

# नियमन तथा सुपरिवेक्षण तालिम

एसियन इन्स्टिच्यूट अफ टेक्नोलोजी (AIT) ले जेठ १८ देखि २५ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना गरेको "Central Bank Regulation and Supervision" विषयक तालिममा बैंकका ३० जना अधिकृत तथा कर्मचारी सहभागी हुनुभयो । तालिममा भाग लिनेहरूमा सहायक निर्देशकहरू वित्तीय संस्था सुपरीवेक्षण विभागका डा. खेमराज भेटुवाल, हरिप्रसाद पौडेल तथा मुक्तिनाथ चालिसे, बैंक तथा वित्तीय संस्था नियमन विभागका दीपककुमार उप्रेती तथा कृष्णप्रसाद उप्रेती, अनुसन्धान विभागका दीपक ढुंगाना, नेपाल राष्ट्र बैंक, वीरगञ्जका मोहन पोखरेल र बैंङ्किङ कार्यालयका फणिन्द्रबहादुर क्षेत्री (नगद) हुनुहुन्छ ।

कायममुकायम सहायक निर्देशकहरू वित्तीय संस्था सुपरिवेक्षण विभागका लोकेन्द्रबहादुर कडायत, हरिराम रिमाल, अशोककुमार रिमाल, पुष्पराज आचार्य, वीरबहादुर खत्री र सुबोधमान श्रेष्ठ तथा चन्द्रमणि निरौला पनि तालिममा सहभागी हुनुहुन्थ्यो ।

प्रधान सहायकहरू बैंक तथा वित्तीय संस्था नियमन विभागका राजनप्रसाद अधिकारी, उमेशचन्द्र गौतम तथा मधुसुदन दवाडी, मुद्रा व्यवस्थापन विभागका ज्ञानेन्द्र देउजा तथा कृष्णप्रसाद घिमिरे, बैंङ्किङ कार्यालयका हिमांशुरत्न बज्राचार्य, काजीराम थापा तथा सुरेन्द्र के. सी., विदेशी विनिमय व्यवस्थापन विभागका शङ्करप्रसाद पौडेल तथा पुरुषोत्तम दाहाल, अनुसन्धान विभागका किशोरकुमार भट्टराई तथा मणिराज डांगी, कानून महाशाखाका केदारप्रसाद खनाल, बैंक सुपरिवेक्षण विभागका रुद्रराज अधिकारीले पनि उक्त तालिममा भाग लिनुभएको थियो ।

# तालिम/सेमिनारमा सहभागिता

जनशक्ति व्यवस्थापन विभागका निर्देशक श्री शम्भु थापा र उप-निर्देशक श्री किरण विष्ट APRACA र CENTRAB ले इण्डोनेसियाको बालीमा आयोजना गरेको Village Banking विषयक अध्ययन भ्रमणमा भाग लिन जेठ ७ गते त्यसतर्फ जानुभई जेठ १९ गते काठमाडौं फर्कनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक श्री कल्याणबन्धु अर्याल FSI/BIS ले स्वीजरल्याण्डमा आयोजना गरेको Fundamentals of Reserve Management विषयक सेमिनारमा भाग लिन जेठ २५ गते त्यसतर्फ जानुभई असार ५ गते काठमाडौं फर्कनुभयो ।

नेपाल राष्ट्र बैंक, विराटनगरका व्यवस्थापक श्री राजेन्द्र पण्डित र राष्ट्र ऋण व्यवस्थापन विभागका उप-निर्देशक श्री सीता घिमिरे सिसन सेन्टरले दक्षिण कोरियाको सोलमा आयोजना गरेको Macroeconomic and Monetary Policy Management विषयक तालिममा भाग लिन जेठ ३१ गते त्यसतर्फ जानुभई असार १३ गते काठमाडौं फर्कनुभयो ।

नेपाल राष्ट्र बैंक, जनकपुरका कायममुकायम व्यवस्थापक श्री रमानन्द मिश्र र सहायक व्यवस्थापक श्री विश्वनाथ ढुंगाना CICTAB ले भारतको हैदरावादमा आयोजना गरेको Management of Rural Financing Institutions and Cooperatives for Rural Development विषयक तालिममा भाग लिन जेठ ३१ गते त्यसतर्फ जानुभई असार ८ गते काठमाडौं फर्कनुभयो ।

अनुसन्धान विभागका उप-निर्देशक श्री रमेश दाहाल IMF ले सिंगापुरमा आयोजना गरेको Macroeconomic Diagnostics विषयक तालिममा भाग लिन जेठ ४ गते त्यसतर्फ जानुभई जेठ १९ गते काठमाडौं फर्कनुभयो ।

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक श्री देवकुमार ढकाल Monetary Authority of Singapore ले सिंगापुरमा आयोजना गरेको 7th MAS Regional Banking Supervisors' Training मा भाग लिन जेठ ११ गते त्यसतर्फ जानुभई जेठ २६ गते काठमाडौं फर्कनुभयो ।

सहायक निर्देशकद्वय वित्त व्यवस्थापन विभागका श्री वसन्तनिधि तिवारी र आन्तरिक लेखापरीक्षण विभागका श्री हुमाकान्त पन्थी सिसन सेन्टरले कम्बोडियामा आयोजना गरेको Risk Management and Internal Control विषयक तालिममा भाग लिन जेठ ७ गते त्यसतर्फ जानुभई जेठ २० गते काठमाडौं फर्कनुभयो ।

कानून महाशाखाका सहायक निर्देशक श्री निरा ताल्चाभडेल अन्तर्राष्ट्रिय मुद्रा कोष र भारतीय रिजर्भ बैंकले भारतको पुनामा आयोजना गरेको Anti Money Laundering and Combating the Financing in Terrorism विषयक कार्यशालामा भाग लिन जेठ ४ गते त्यसतर्फ जानुभई जेठ १२ गते काठमाडौं फर्कनुभयो ।

सहायक निर्देशकद्वय बैंक सुपरिवेक्षण विभागका श्री बाबुराम आचार्य र वित्तीय संस्था सुपरीवेक्षण विभागका श्री तीर्थराज सिलवाल सिसन सेन्टरले ब्रुनाईमा आयोजना गरेको "Practical Techniques for the Management and Measurement of Operational Risk" विषयक सेमिनारमा भाग लिन जेठ २६ गते त्यसतर्फ जानुभई असार १ गते काठमाडौं फर्कनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक श्री डिल्लीराम पोखेल IMF/STI ले सिंगापुरमा आयोजना गरेको 'Macroeconomic Management for Senior Officials' विषयक सेमिनारमा भाग लिन जेठ २५ गते त्यसतर्फ जानुभई असार १ गते काठमाडौं फर्कनुभयो ।

# गभर्नर्स कप फुटबल सम्पन्न

नेपाल राष्ट्र बैंकको ५३ औं वार्षिकोत्सवको अवसरमा कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरको प्रमुख आतिथ्यमा नेपाल वित्तीय संस्था कर्मचारी सङ्घले असार ३०



गते दशरथ रंगशालामा गभर्नर्स कप फुटबल प्रतियोगिता आयोजना गऱ्यो । प्रतियोगिता नेपाल राष्ट्र बैंक बालुवाटार र थापाथलीको टिमबीच भएको थियो । प्रतियोगितामा बालुवाटारको टिमले थापाथलीको टिमलाई शून्यका विरुद्ध चार गोलले पराजित गऱ्यो ।

सोही दिन सम्पन्न एक समारोहमा कायममुकायम गभर्नर श्री मानन्धरले खेलाडीहरूलाई पुरस्कार तथा पदक वितरण गर्नुभयो । प्रतियोगिताको उत्कृष्ट खेलाडीको पुरस्कार श्री प्रदीप क्षेत्रीले प्राप्त गरेका थिए ।

सोही उपलक्ष्यमा सङ्घले आयोजना गरेको अन्तरबैंक हाजिरीजवाफ प्रतियोगितामा नेपाल राष्ट्र बैंकको टोली प्रथम भएको छ । राष्ट्रिय वाणिज्य बैंक दोस्रो र एनएमबी बैंक तृतीय भएका छन् । नेपाल बैंक लिमिटेडको टोलीले सान्त्वना पुरस्कार प्राप्त गरेको छ ।

असार १८ गते शुरु भएको प्रतियोगितामा १६ वटा बैंकको सहभागिता रहेको थियो । विजयी प्रतियोगीहरूलाई कायममुकायम गभर्नर श्री मानन्धरले असार २५ गते एक समारोहका बीच पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो । सोही समारोहमा उहाँले सङ्घद्वारा सञ्चालित अन्तरविभागीय भलिबल प्रतियोगिता र स्नूकर प्रतियोगिताका विजयी टोली तथा खेलाडीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो । ●

# माछापुच्छ्रे बैंक प्रथम

नेपाल राष्ट्र बैंकको ५३ औं वार्षिकोत्सवको उपलक्ष्यमा नेपाल राष्ट्र बैंक कर्मचारी सङ्घले आयोजना गरेको अन्तरबैंक भलिबल प्रतियोगितामा माछापुच्छ्रे बैंकको टोली प्रथम भएको छ । प्रतियोगितामा राष्ट्रिय वाणिज्य बैंक र कुमारी बैंकको टोली क्रमशः द्वितीय र तृतीय



भएका छन् । विजयी टोली तथा खेलाडीहरूलाई जेठ ३१ गते आयोजित एक समारोहमा कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय भएका टोलीले क्रमशः रु. ४० हजार, रु. २५ हजार र रु. १५ हजार पुरस्कार प्राप्त गरेका थिए ।

जेठ २० गतेदेखि सुरु भएको प्रतियोगितामा नेपाल राष्ट्र बैंकका दुई सहित १२ टोलीको सहभागिता रहेको थियो ।●

# आर्थिक समाचार सम्प्रेषण सीप विकास तालिम

जनसम्पर्क महाशाखाले थापाथलीस्थित बैंकर्स प्रशिक्षण केन्द्रको तालिमकक्षमा सञ्चालन गरेको 'आर्थिक तथा वित्तीय समाचार सम्प्रेषण सीप विकास' विषयक पुनर्ताजगी तालिम जेठ २३ गते सम्पन्न भयो । उक्त दिन भएको समापन समारोहमा डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीले तालिमका सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो । उक्त अवसरमा उहाँले तालिममा सिकेका ज्ञान र सीपको प्रयोगबाट बैंकका प्रकाशनहरूको स्तर अझ बढ्ने विश्वास व्यक्त गर्नुभयो ।



बैंकका विभिन्न प्रकाशन कार्यमा संलग्न कर्मचारीहरूको समाचार लेखन, सम्पादन र सम्प्रेषण सम्बन्धी सीप विकास गर्ने उद्देश्यले आयोजित सो तालिम जेठ २२ गते सुरु भएको थियो । तालिमको शुभारम्भ गभर्नरको कार्यालयका कायममुकायम निर्देशक श्री उपेन्द्रकुमार पौडेलले गर्नुभएको थियो ।


श्री वाग्ले

तालिममा कान्तिपुर दैनिकका सम्पादक श्री नारायण वाग्ले, आर्थिक अभियान साप्ताहिकका प्रधान सम्पादक श्री मदन लम्साल, नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष श्री सुरेश आचार्य र राजधानी एफएमका कार्यकारी प्रमुख एवम् पत्रकार श्री भरत भुर्तेलले प्रशिक्षण दिनुभएको थियो ।


श्री भुर्तेल

तालिममा श्री वाग्लेले आन्तरिक प्रकाशनको सम्पादन क्षमता अभिवृद्धि विषयमा प्रशिक्षण दिनुभएको थियो । लेख तथा समाचार लेखन, सङ्कलन र सम्पादनमा हुनसक्ने असावधानी व्यावहारिक अनुभव र सुझबुझबाट हटाउन सकिने कुरा बताउनुभयो ।


श्री आचार्य

नेपालको परिप्रेक्ष्यमा आर्थिक पत्रकारहरूले समेट्नुपर्ने विषयवस्तुका बारेमा श्री लम्सालले वार्ता प्रस्तुत गर्नुभयो । हरेक मानवीय गतिविधि आर्थिक पक्षसंग गाँसिने भएकोले आर्थिक पत्रकारितामा यी सबै विषयले स्थान पाउनुपर्ने उहाँको धारणा थियो ।


श्री लम्साल

तालिममा नेपाल राष्ट्र बैंकका विभिन्न प्रकाशनसंग सम्बन्धित २१ जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।●

## कायममुकायम मुकर्रर



वित्तीय संस्था सुपरिवेक्षण विभागका निर्देशक श्री लोकबहादुर खड्का राष्ट्र ऋण व्यवस्थापन विभागको कार्यकारी निर्देशक पदमा कायममुकायम मुकर्रर हुनुभएको छ ।●

## बढुवा तथा पदस्थापन

बैंकको साधारण सेवातर्फ रिक्त रहेको अधिकृत प्रथम, अधिकृत द्वितीय र सहायकस्तर द्वितीय पदहरू आन्तरिक बढुवा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सन्दर्भमा लिइएको लिखित तथा अन्तरवार्ता परीक्षामा सफल बैंकका ११ जना अधिकृत तथा कर्मचारीहरूलाई ती पदहरूमा बढुवा गरी विभिन्न विभाग तथा कार्यालयमा पदस्थापन गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

यसअनुरुप उप-निर्देशकद्वय सर्वश्री भुवन कँडेल र रमेशकुमार पोखरेललाई बैंकको अधिकृत प्रथम पदमा बढुवा गरी क्रमश: वित्तीय संस्था सुपरिवेक्षण विभागको निर्देशक पदमा र नेपाल राष्ट्र बैंक, वीरगञ्जको मुख्य व्यवस्थापक पदमा पदस्थापन गरिएको छ ।

अधिकृत द्वितीय पदमा बढुवा हुनेहरूमा बैंक सुपरिवेक्षण विभागका राजनविक्रम थापा, वित्तीय संस्था सुपरिवेक्षण विभागका राजेन्द्र भट्टराई, संस्थागत योजना विभागका दयाराम शर्मा पंगेनी, बैंक सुपरिवेक्षण विभागका हिमप्रसाद न्यौपाने, नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका गुरुप्रसाद पौडेल र अनुसन्धान विभागका डा. विष्णुप्रसाद गौतम हुनुहुन्छ ।

यसै गरी बैंकमा रिक्त सहायकस्तर द्वितीय पदसङ्ख्या ७ आन्तरिक बढुवा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सम्बन्धमा लिइएको लिखित तथा अन्तरवार्ता परीक्षामा सफल हुनुभएका धारी महतो खुलवट तथा विश्वनाथप्रसाद शर्मा (नेपाल राष्ट्र बैंक, वीरगञ्ज), कृष्णप्रसाद चौलागाई (मुद्रा व्यवस्थापन विभाग) लाई उक्त पदमा बढुवाका सिफारिस गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

उहाँहरू सबैलाई समाचार बधाई ज्ञापन गर्दछ ।●

## सेवा परिवर्तन

बैंकको प्राविधिक सेवाबाट प्रशासन सेवाको समान पदमा सेवा परिवर्तनका लागि लिइएको लिखित तथा अन्तरवार्ता परीक्षामा सफल हुनुभएका तीन जना कर्मचारीहरूको सेवा परिवर्तन गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ । यसअनुरुप अनुसन्धान विभागका सर्वश्री टापप्रसाद कोइराला र सामान्य सेवा विभागका जयनारायण प्रधानलाई प्रधान सहायक पदमा र टक्सार महाशाखाका प्रकाश घिमिरेलाई सहायक पदमा सेवा परिवर्तन गरिएको छ ।●

## राजिनामा स्वीकृत

सहायक निर्देशकद्वय आन्तरिक लेखापरीक्षण विभागका श्री जीवन ज्ञवालीले मिति २०६५।२।१९ र विदेशी विनिमय व्यवस्थापन विभागका श्री मनोजकुमार ज्ञवालीले मिति २०६५।३।४ देखि लागु हुने गरी बैंक सेवाबाट दिनुभएको राजिनामा स्वीकृत गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।●

## सरुवा

नेपाल राष्ट्र बैंक, वीरगञ्जमा पदस्थापन भई नेपाल बैंक लिमिटेडमा काजमा रहनुभएका निर्देशक श्री लक्ष्मीप्रपन्न निरौला अनुसन्धान विभाग (काज : नेपाल बैंक लिमिटेड) मा सरुवा हुनुभएको छ ।

अनुसन्धान विभागका उप-निर्देशक श्री प्रदीपराज पौड्याल, सहायक निर्देशकहरू आन्तरिक लेखापरीक्षण विभागका मातृकाप्रसाद पौडेल, अनुसन्धान विभागका आलोककुमार पोखरेल तथा बैंक तथा वित्तीय संस्था नियमन विभागका लक्ष्मीप्रसाद प्रसाईं नेपाल राष्ट्र बैंक, जनकपुरमा, अनुसन्धान विभागका कर्णबहादुर गुरुङ बैंकिङ कार्यालयमा, रामहरि दाहाल बैंक तथा वित्तीय संस्था नियमन विभागमा तथा दिवाकर पोखरेल आन्तरिक लेखापरीक्षण विभागमा, बैंकिङ कार्यालयका भुपेन्द्रकुमार श्रेष्ठ मुद्रा व्यवस्थापन विभागमा तथा सुमनराज गिरी बैंक तथा वित्तीय संस्था नियमन विभागमा र वित्तीय संस्था सुपरिवेक्षण विभागका ठाकुरप्रसाद शर्मा जनसम्पर्क महाशाखामा सरुवा हुनुभएको छ ।

सहायक व्यवस्थापकहरू नेपाल राष्ट्र बैंक, विराटनगरका इन्द्रप्रसाद गेलाल आन्तरिक लेखापरीक्षण विभागमा, नेपाल राष्ट्र बैंक, वीरगञ्जका दीपक सापकोटा बैंकिङ कार्यालयमा तथा श्यामकुमार नाग नेपाल राष्ट्र बैंक, नेपालगञ्जमा र नेपाल राष्ट्र बैंक, जनकपुरका विश्वनाथ ढुंगाना राष्ट्र ऋण व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

प्रधान सहायकहरू वित्तीय संस्था सुपरिवेक्षण विभागका सर्वश्री नवराज तिवारी बैंकिङ कार्यालयमा र रमेशकुमार कटुवाल मुद्रा व्यवस्थापन विभागमा, बैंकर्स प्रशिक्षण केन्द्रका तीर्थराज ओझा नेपाल राष्ट्र बैंक, धनगढीमा र विकासराज पाण्डे बैंकिङ कार्यालयमा, बैंक तथा वित्तीय संस्था नियमन विभागका सरोज थापा बैंकिङ कार्यालयमा र कुवेर थापा जनशक्ति व्यवस्थापन विभागमा, विदेशी विनिमय व्यवस्थापन विभागका माधवप्रसाद अधिकारी र छविलाल पौडेल बैंक तथा वित्तीय संस्था नियमन विभागमा तथा अनुसन्धान विभागका राजेन्द्रप्रसाद मैनाली बैंकर्स प्रशिक्षण केन्द्रमा र ममता अधिकारी विदेशी विनिमय व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

बैंकिङ कार्यालयका प्रधान सहायक राजेश घिमिरे नेपाल राष्ट्र बैंक, विराटनगरमा र नेपाल राष्ट्र बैंक, विराटनगरका प्रल्हाद खड्का सामान्य सेवा विभागमा, लघु वित्त विभागका सुभाषचन्द्र अर्याल संस्थागत योजना विभागमा, जनशक्ति व्यवस्थापन विभागका रविन शर्मा भेटुवाल गभर्नरको कार्यालयमा र बैंक सुपरिवेक्षण विभागका प्रधान सहायक श्री विश्वकुमार के.सी. आन्तरिक लेखापरीक्षण विभागमा (काज) सरुवा हुनुभएको छ ।

प्रधान नगद सहायकहरू वित्त व्यवस्थापन विभागका बबिता ढुंगाना, अनुसन्धान विभागका प्रल्हाद गिरी र दिलिपकुमार कर्मोचा बैंकिङ कार्यालयमा तथा वित्त व्यवस्थापन विभागका भरतदेव पाण्डे, अनुसन्धान विभागका दीपेन राउत क्षेत्री, बैंक सुपरिवेक्षण विभागका नरेशकुमार अधिकारी, लघु वित्त विभागका शालिकराम पोखरेल र कानुन महाशाखाका योगराज शर्मा मुद्रा व्यवस्थापन विभागमा काज फिर्ता हुनुभएको छ ।

प्रधान नगद सहायकद्वय सामान्य सेवा विभागका जीवनराज त्रिपाठी र कानून महाशाखाका सविन थापा मुद्रा व्यवस्थापन विभागमा, नेपाल राष्ट्र बैंक, जनकपुरका कायममुकायम उप-सहायक सुशिलकुमार देव नेपाल राष्ट्र बैंक, विराटनगरमा र बैंकिङ कार्यालयका वरिष्ठ पियन हरिनाथ थपलिया राष्ट्र ऋण व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।●

# पोखरामा जाली नोट पहिचान गोष्ठी

नेपाल राष्ट्र बैंक, पोखराले असार १८ गते "नेपाली जाली नोट र शङ्कास्पद विदेशी मुद्रा पहिचान" विषयक कार्यशाला गोष्ठी आयोजना गर्‍यो । गोष्ठीको शुभारम्भ नेपाल राष्ट्र बैंक, पोखराका मुख्य व्यवस्थापक श्री शिवनाथ पाण्डेले गर्नुभएको थियो । गोष्ठीमा पोखरास्थित बैंक तथा वित्तीय संस्थाहरू र राजस्व सङ्कलन गर्ने सरकारी कार्यालयको नगदी कारोवारमा संलग्न २७ भन्दा बढी कर्मचारीहरूको सहभागिता रहेको थियो । पोखरा काठमाडौं पछि धेरै बैंक तथा वित्तीय संस्थाहरू भएको शहरको रूपमा रहेको छ ।

गोष्ठीमा मुख्य व्यवस्थापक श्री पाण्डेले बैंक तथा वित्तीय संस्थाहरू नेपाली जाली नोट र शङ्कास्पद विदेशी मुद्राको पहिचान गर्ने भरपर्दो निकाय भएको बताउनुभयो । गोष्ठीबाट प्राप्त ज्ञान र सीपलाई सहभागीहरूले व्यवहारमा उपयोग गर्न तथा सर्वसाधारण र ग्राहकहरूलाई समेत जाली नोटका बारेमा जानकारी दिइ जनचेतनाको माध्यमबाट जाली नोटको कारोबारलाई दुरुत्साहित गर्न उहाँले सो अवसरमा आव्हान गर्नुभयो ।

स्वागत मन्तव्य व्यक्त गर्दै नेपाल राष्ट्र बैंक, पोखराका व्यवस्थापक श्री केशव थापाले जाली नोट पहिचानका लागि पोखरास्थित बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूको सिप तथा दक्षता अभिवृद्धि गरी नेपाली मुद्रा तथा बैंक तथा वित्तीय संस्थाहरूको साख वृद्धि गर्न सघाउ पुऱ्याउनु गोष्ठीको उद्देश्य रहेको बताउनुभयो ।

माछापुच्छ्रे बैंक लिमिटेडका प्रवन्धक श्री अर्जुन थापाले गोष्ठीबाट कर्मचारीहरूको कार्यदक्षतामा वृद्धि हुने बताउनुभयो । यसबाट नगदी कारोवार विश्वासका साथ सहज ढंगले सम्पन्न गर्न सकिने वातारवण बनेको बताउनुभयो । साथै, उहाँले नेपाल राष्ट्र बैंकले यस्तो गोष्ठी पोखराबाहिर पनि नियमित रूपमा सञ्चालन गर्न माग गर्नुभयो ।

गोष्ठीमा नेपाल राष्ट्र बैंक, पोखराका सहायक व्यवस्थापक ( नगद) श्री दुर्गाबहादुर शाहले "नेपाली जाली नोट" विषयमा र सहायक व्यवस्थापक (नगद) श्री मात्रिकाराज घिमिरेले "शङ्कास्पद अमेरिकी तथा भारु नोटको पहिचान, समस्या तथा निराकरणका उपाय" विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँहरूले सहभागीहरूलाई सैद्धान्तिक एवं प्रयोगात्मक रुपबाट सक्कली नोटमा रहेका विशेषताहरू र जाली नोट पहिचान गर्ने तौरतरिकाको जानकारी गराउनुभएको थियो ।

कायपत्रमाथिको छलफलमा उठेका जिज्ञासाको जवाफ मुख्य व्यवस्थापक श्री पाण्डे, व्यवस्थापक श्री थापा र कार्यपत्र प्रस्तोताहरू श्री शाह तथा श्री घिमिरेले दिनुभएको थियो । सहभागीहरूको तर्फबाट नेपाल बैंक लिमिटेड, पोखराका खजाञ्ची श्री भुपेन्द्रमान श्रेष्ठले गोष्ठी ज्यादै उपयोगी भएको र जाली नोट सम्बन्धमा अद्यावधिक जानकारी हासिल गर्न नियमितरुपमा यस्तो गोष्ठी सञ्चालन गरिनुपर्ने सुझाव दिनुभयो ।●



गोष्ठीका सहभागीहरू

# नेपालगञ्जमा शङ्कास्पद नोट पहिचान गोष्ठी

नेपाल राष्ट्र बैंक, नेपालगञ्जले जेठ १८ गते नेपालगञ्जमा शङ्कास्पद नोट पहिचान गोष्ठी आयोजना गर्‍यो । स्थानीय बैंक, वित्तीय संस्था र मनिचेञ्जर लगायत सरकारी तथा गैरसरकारी संस्थाको नगदी कारोवारमा संलग्न कर्मचारीहरूलाई नेपाली, भारतीय तथा अन्य विदेशी मुद्राका नक्कली नोट पहिचान गर्न सक्षम बनाउनु गोष्ठीको उद्देश्य थियो ।

नगदी कारोबारमा आइपर्ने शङ्कास्पद तथा जाली नोट पहिचानको समस्याका साथै यसका चुनौतीहरूको निराकरण गरी समाधान गर्ने उपायहरूका बारेमा गोष्ठीमा छलफल भएको थियो । गोष्ठीमा बाँके जिल्लास्थित उद्योगी, व्यवसायी, बैक तथा वित्तीय संस्था, विभिन्न सरकारी कार्यालय एवं सङ्घ/संस्थाका करिब ५० जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

मुद्रा व्यवस्थापन विभागका कायममुकायम कार्यकारी निर्देशक श्री मनमोहनकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न उक्त गोष्ठीको सभापतित्व नेपाल राष्ट्र बैक, नेपालगञ्जका मुख्य व्यवस्थापक श्री कृष्णबहादुर थापाले गर्नुभएको थियो । सुरुमा व्यवस्थापक श्री हरिगोपाल अधिकारीले गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

दुई सत्रमा सञ्चालित उक्त गोष्ठीको प्रथम सत्रमा कायममुकाय कार्यकारी निर्देशक श्री श्रेष्ठले Currency Printing Plan and Security Features of Nepalese Currency Note विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । नेपाल राष्ट्र बैंकले छपाई गरेको नोटमा पानीछाप, सुरक्षा धागो, See Through जस्ता आँखाले नै पहिचान गर्न सकिने सुरक्षा व्यवस्था रहेको जानकारी उहाँले दिनुभयो ।

अर्को सत्रमा बैंकिङ्ग कार्यालयका सहायक निर्देशक (नगद) श्री प्रद्युम्नकुमार खनालले भारु तथा विदेशी मुद्रा कारोवारमा शङ्कास्पद नोट पहिचान विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा उहाँले भारु, अमेरिकी डलर र यूरो मुद्राका नोटमा रहने सुरक्षा चिन्हको जानकारी र शङ्कास्पद नोट पहिचान गर्ने तरिका उल्लेख गर्नुभएको छ ।

सहभागीहरूको तर्फबाट नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष श्री कृष्ण श्रेष्ठले गोष्ठी समयानुकूल भएको र यस्ता गोष्ठी नियमित रूपमा सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो ।

गोष्ठीमा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ कार्यपत्र प्रस्तोताद्वय श्री श्रेष्ठ र श्री खनालले दिनुभएको थियो ।

अन्त्यमा गोष्ठीका सभापति तथा मुख्य व्यवस्थापक श्री थापाले गोष्ठी समापन गर्दै धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमको सञ्चालन नेपाल राष्ट्र बैंक, नेपालगञ्जका प्रधान सहायक श्री पदमराज रेग्मीले गर्नुभएको थियो ।●

## फोटो फिचर



नेपाल वित्तीय संस्था कर्मचारी सङ्घ नेपाल राष्ट्र बैंकले असार ३० गते दशरथ रङ्गशालामा आयोजना गरेको गभर्नर्स कप फुटबलको एक दृश्य ।

# आपसीको १६ औं साधारणसभा

आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औं वार्षिक साधारणसभा असार १४ गते थापाथलीस्थित नेपाल राष्ट्र बैंकको क्लव हलमा सम्पन्न भयो । सभाले श्री नारदकुमार पियाको अध्यक्षतामा ११ सदस्यीय संचालक समिति निर्वाचित गऱ्यो । सोही दिन ३ सदस्यीय लेखा समिति र २ सदस्यीय ऋण समितिको समेत निर्वाचन सम्पन्न भयो । यी समिति आगामी २ वर्षका लागि क्रियाशील रहनेछन् ।

सभामा संस्थाको आर्थिक वर्ष २०६३।६४ को लेखापरीक्षकको प्रतिवेदन, नाफा नोक्सान हिसाब र वासलात सर्वसम्मतिले पारित गरिएको थियो । साथै, सभाले सो वर्षको नाफाबाट सदस्यहरूलाई १० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पनि पारित गरेको छ । संस्थाले सो वर्ष विभिन्न शीर्षकबाट रु. २७ लाख ७५ हजार आम्दानी गरेको छ ।

संस्थाले २०६५ जेठसम्ममा रु. २ करोड कर्जा लगानी गरेको संस्थाका कोषाध्यक्ष श्री डण्डप्रसाद खरेलले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदनमा उल्लेख छ । यसले वार्षिक १२ प्रतिशत व्याजदरमा सदस्यहरूलाई विभिन्न शीर्षकमा कर्जा प्रवाह गर्दै आइरहेको छ ।

सभामा नव निर्वाचित अध्यक्ष श्री पियाले समय अनुकुल नयाँ सोच, नयाँ दृष्टिकोण सहितको सबल र प्रभावकारी नेतृत्व संस्थाको माग रहेको धारणा राख्नुभयो । डिभिजन सहकारी कार्यालय, काठमाडौंका वरिष्ठ अधिकृत श्री सुदर्शनप्रसाद ढकालले आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था एक अनुसासित र सफल सहकारी संस्थाको रुपमा स्थापित भएको विचार व्यक्त गर्नुभयो ।



आपसीका नवनिर्वाचित पदाधिकारीहरू शपथ ग्रहण गर्दै

आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना नेपाल राष्ट्र बैंकका कर्मचारीहरूको पहलमा २०५० सालमा भएको हो । हाल यसमा ८३३ जना कर्मचारीहरू सदस्य रहेका छन् ।●

## उद्धरण

नयाँ पत्रिका

२०६५ असार २९, आइतबार बाट

# गाउँगाउँ पुगे बैंक

प्रभात भट्टराई/नयाँ पत्रिका
काठमाडौं, २८ असार

लोकतन्त्र बहालीयता देशको बैंकिङ क्षेत्रले नयाँ फड्को मारेको छ । द्वन्द्वका कारण सहरी क्षेत्रमा खुम्चिन बाध्य बैंक तथा वित्तीय संस्था शान्ति प्रक्रियाको सुरुवातसँगै गाउँगाउँमा पुग्न थालेका छन् ।

लोकतन्त्र बहालीका दुई वर्षमा निजी क्षेत्रको लगानीमा पाँच वाणिज्य बैंक थपिएका छन् भने विभिन्न बैंकका एक सय शाखा विस्तार भएका छन् । १९८४ मा पहिलो निजी बैंक (नबिल) खुलेयताका २२ वर्षमा जम्मा एक सय ७० शाखा मात्र थपिएका थिए । लोकतन्त्रपछि १० भन्दा बढी पहाडी जिल्लामा बैंकका शाखा पुगेका छन् । द्वन्द्वकालमा राष्ट्रिय वाणिज्य, कृषि विकास र नेपाल बैंक विस्थापित भएका ठाउँहरूमा अहिले निजी वाणिज्य बैंकका शाखा खुलिसकेका छन् ।

निजी क्षेत्रका २० वाणिज्य बैंकका शाखाहरूको कुल संख्या दुई सय ७० पुगेको छ । दुई वर्षयता थपिएकामध्ये ६० प्रतिशतभन्दा बढी शाखा राजधानीबाहिर छन् । द्वन्द्वकालमा दोहोरो भिडन्तले ध्वस्त बनेका आधा दर्जनभन्दा बढी जिल्ला सदरमुकाम तथा व्यापारिक केन्द्रहरूमा अहिले निजी बैंक पुगेका छन् ।

देशका कुल २२ निजी वाणिज्य बैंकमध्ये शाखा विस्तार नगर्ने दुईवटा मात्र छन् । गत भदौमा खुलेको प्राइम र एक महिनादेखि वाणिज्य बैंकको कारोबार थालेको एनएमबी बैंकले मात्र शाखा खोल्न भ्याएका छैनन् । तर, तिनीहरूले पनि यसको योजना तर्जुमा गरिसकेका छन् ।

प्राइमले राजधानीबाहिर धरान, विराटनगर, पोखरा, भरतपुर तथा राजधानीभित्र चार गरी एकैपटक आठ शाखा खोल्ने लक्ष्य लिएको छ । यस्तै, एनएमबीले पहिले बनेपामा र त्यसपछि राजधानीको दरबारमार्गमा शाखा स्थापना गर्ने प्रमुख कार्यकारी उपेन्द्र पौडेलले बताए । एनएमबी १२ वर्षदेखि फाइनान्स कम्पनीको रूपमा काम गर्दै आएको थियो । ऋणात्मक पुँजी कोष भएका लुम्बिनी, नेपाल क्रेडिट एन्ड कमर्स (एनसिसी) र नेपाल बंगलादेश (एनबी) बैंकले भने शान्ति प्रक्रियायता शाखा थप्न सकेका छैनन् ।

कर्णालीको सदरमुकाम खलंगा (जुम्ला) मा समेत निजी बैंक पुगिसकेको छ । खलंगामा बैंक अफ काठमाडौंले शाखा खोलेको हो । त्यसबाहेक बाग्लुङ, लमजुङ, स्याङ्जा, म्याग्दी, तनहुँ, धनकुटा, दमौली, सिन्धुपाल्चोक र सुर्खेतमा पनि निजी बैंक पुगेका छन् । जिल्ला सदरमुकाममा मात्र होइन व्यावसायिक केन्द्रहरू कास्कीको सिसुवा र लेखनाथ, सिन्धुपाल्चोकको तातोपानी, तनहुँको आँबुखैरेनी र दुलेगौडामा समेत बैंकिङ सेवा विस्तार भएको छ । त्यसअघि पहाडी क्षेत्रका पोखरा, बनेपा, हेटौंडाजस्ता सुविधासम्पन्न ठाउँबाहेक अन्यत्र निजी बैंक जान मानेका थिएनन् ।

१० पहाडी जिल्लाबाहेक झापा, कञ्चनपुर, कैलाली, दाङलगायत तराईका जिल्लामा निजी वाणिज्य बैंकका शाखा स्थापना भएका छन् । नबिल बैंकले गत भदौमा एकै दिन राजधानीबाहिर नौ शाखा खोलेको थियो । निजी क्षेत्रका वाणिज्य बैंकहरूमध्ये सबैभन्दा बढी शाखा रहेको नबिल सुदूरपश्चिमको महेन्द्रनगरदेखि पूर्वको बिर्तामोडसम्म पुगेको छ । यसका जम्मा २७ शाखा र एउटा एक्सटेन्सन काउन्टर छन् ।

चालू आर्थिक वर्षमा पनि एकैचोटि १० भन्दा बढी शाखा खोल्ने लक्ष्य रहेको नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल शाहले बताए । 'पहिला सहरकेन्द्रित कर्पोरेट र रिटेल बैंकिङ अब विकेन्द्रित हुन थालेको छ,' उनले भने, 'अबका पाँच वर्षमा यातायातले छोएका सबै जिल्लामा निजी वाणिज्य बैंकहरू पुग्नेछन् ।' बैंकहरूको शाखा विस्तारले देशको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने उनले बताए ।

राष्ट्र बैंकले पनि वाणिज्य बैंकहरूलाई अनिवार्य रूपमा विकेन्द्रित हुनैपर्ने नियम बनाएको छ । 'सबै ठूला बैंकहरू मोफसलमा पुगुन् भनेर राजधानीभन्दा पहिला बाहिरी जिल्लामा खोल्नुपर्ने प्रावधान राखेका छौं,' राष्ट्र बैंकका कामु गभर्नर कृष्णबहादुर मानन्धरले भने । अहिलेको शाखा विस्तारले बैंकिङ क्षेत्रमा सर्वसाधारणको पहुँचलाई सहज बनाएको उनले बताए ।

आगामी आर्थिक वर्षमा पनि सयभन्दा बढी शाखा थप्ने योजना निजी बैंकहरूले बनाएका छन् । एभरेस्ट बैंकले बेंसीसहर र तुलसीपुर, कुमारी बैंकले दमौली, बाग्लुङ, भैरहवा, बुटवल र बेंसीसहर, ग्लोबल बैंकले लाहान र तातोपानी, सिटिजन्सले धरान, दमकलगायत मध्य र सुदूरपश्चिमका विभिन्न स्थान, एनआइसीले धनगढीलगायत राजधानीका दुई स्थान, माछापुच्छ्रेले इलाम, बैंक अफ काठमाडौंले अत्तरिया, बालाजुलगायतका १० स्थानमा तत्कालै शाखा खोल्ने योजना बनाइसकेका छन् ।

राजधानी र मोफसलका शाखाले दिने सेवा लगभग समान छन् । निजी बैंकहरूले कार्यालयको ढाँचासमेत सबै शाखामा एकै स्वरूपको बनाउने गरेका छन् । बैंक अफ काठमाडौंको जुम्ला शाखामा एटिएमलगायत सबै सुविधा उपलब्ध छन् ।

स्थापनाको दुई महिनामा त्यहाँ चार सय ५० जनाले खाता खोलेका छन् । विद्युत्को अभावमा त्यहाँ एटिएम मेसिन स्थापना गर्न नसकिए पनि दुई सय ५० जनाभन्दा बढीले एटिएम कार्ड लिएको शाखा प्रबन्धक प्रवीण शाहले बताए । त्यहाँबाट लिएको एटिएम कार्ड बैंकका अरू शाखामा प्रयोग गर्ने उनले बताए । 'शाखाबाट ऋण प्रवाह नभए पनि दुई करोडभन्दा बढी निक्षेप संकलन भइसकेको छ,' शाहले *नयाँ पत्रिका*सित भने ।

'सन् २०१० पछि विदेशी बैंकहरूले समेत नेपालमा सिधै शाखा खोल्न पाउने भएकाले प्रतिस्पर्धाका लागि स्थानीय वित्तीय संस्थाहरूले आफ्ना लागि 'निच मार्केट'को खोजी गर्नुपर्छ,' उनले थपे ।

शान्ति प्रक्रियापश्चात् क्षेत्रीय स्तरमा विकास बैंक र वित्तीय कम्पनीहरू खुल्ने क्रम पनि बढेको छ भने तिनीहरूको सञ्जाल पनि थपिंदो छ । धनगढीस्थित मालिका विकास बैंकले अछामको मंगलसेन र साँफेबगरमा एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत झपट बोहोराका अनुसार साँफेबगर काउन्टर उद्घाटनकै दिन एक हजार ८० जनाले खाता खोलेका थिए । 'ग्रामीण क्षेत्रका मान्छेमा बैंकसँग काम गर्ने कति रहर थियो भन्ने थाहा भयो,' उनले भने ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा**
फोन/फ्याक्स : +९७७-१-४४११९९८, Ext.: ३६६, ३६९
ईमेल : prd@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**उपेन्द्रकुमार पौडेल**

*सम्पादन सहयोगी*
**विन्दुप्रसाद अर्याल, रामकाजी खाइजु, बद्रीनाथ नेपाल**